# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, फागुन १२ गते, २०८१ साल (अतिरिक्ताङ्क ३१


## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### गण्डकी प्रदेश आयोजना बैङ्क कार्यविधि, २०८१

**प्रस्तावनाः** सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय सहकार्य र सहअस्तित्व कायम गरी योजनाबद्ध विकास प्रणाली अनुकूल तथ्यमा आधारित नीति र योजना निर्माण, आवश्यकता एवम् महत्वका आधारमा आयोजनाको अवधारणा विकास, तयारी, प्राथमिकीकरण र छनौट, सीमित स्रोतको विनियोजन कुशलता, आयोजना व्यवस्थापनलाई वैज्ञानिक एवम् वस्तुगत बनाई आयोजनाको प्रभावकारी कार्यान्वयन र दिगो विकास हासिल गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम गण्डकी प्रदेश आयोजना बैङ्क कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आयोग" भन्नाले गण्डकी प्रदेश नीति तथा योजना आयोगलाई सम्झनु पर्छ।

(ख) "आयोजना बैङ्क" भन्नाले प्रदेश सरकारले स्थापना गरेको आयोजना बैङ्कलाई सम्झनु पर्छ। सो शब्दले आयोजनाको अवधारणा विकास, तयारी, लेखाजोखा, छनौट तथा प्राथमिकीकरण समेतलाई जनाउँछ ।

(ग) "आयोजना" भन्नाले प्रदेशको विकासको लागि कुनै विषय क्षेत्रमा निश्चित अवधि भित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने आयोजना वा कार्यक्रमलाई सम्झनु पर्छ।

(घ) "आयोजना अवधारणापत्र" भन्नाले दफा ७ बमोजिम तयार गरिने अवधारणापत्र सम्झनु पर्छ।

(ङ) "आर्थिक विकास आयोजना" भन्नाले अर्थ, कृषि, पशुपन्छी, भूमि सुधार, सहकारी, गरिबी निवारण, वन तथा वातावरण, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन, श्रम तथा रोजगारी सम्बन्धी आयोजना तथा प्रदेश कानूनले आर्थिक विकास आयोजनाका रूपमा उल्लेख गरेका अन्य परियोजना समेतलाई सम्झनु पर्छ।

(च) "निर्देशक समिति" भन्नाले दफा ८ बमोजिम गठित निर्देशक समिति सम्झनु पर्छ ।

(छ) "पूर्वाधार विकास आयोजना" भन्नाले ऊर्जा, सिचाईं तथा जल उत्पन्न प्रकोप व्यवस्थापन, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, भवन आवास तथा शहरी विकास, सूचना र सञ्चार सम्बन्धी आयोजना तथा प्रदेश कानूनले पूर्वाधार विकास

आयोजनाका रूपमा उल्लेख गरेका अन्य परियोजना समेतलाई सम्झनु पर्छ।

(ज) “प्रदेश आयोजना बैङ्क सूचना प्रणाली” भन्नाले आयोजनाको अवधारणा विकास, तयारी, लेखाजोखा, छनौट तथा प्राथमिकीकरण समेतको कार्यलाई व्यवस्थित गर्न तयार गरिएको सूचना प्रविधि वा सफ्टवेयर प्रणाली सम्झनु पर्छ।

(झ) “प्रदेश सभा सदस्य” भन्नाले गण्डकी प्रदेश सभाको सदस्यलाई सम्झनु पर्छ।

(ञ) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकारलाई सम्झनु पर्छ।

(ट) “सम्बन्धित मन्त्रालय वा निकाय” भन्नाले आयोजना माग गर्ने वा कार्यान्वयन गर्ने मन्त्रालय वा प्रदेश सरकारको निकायलाई सम्झनु पर्छ।

(ठ) “मन्त्रालयगत प्राविधिक समिति” दफा १० बमोजिम गठित मन्त्रालयगत प्राविधिक समिति सम्झनु पर्छ ।

(ड) “सामाजिक विकास आयोजना” भन्नाले शिक्षा, विज्ञान, प्रविधि, स्वास्थ्य, युवा तथा खेलकुद, महिला, बालबालिका तथा समाज कल्याण, संस्कृति, खानेपानी तथा सरसफाई, सामाजिक सशक्तिकरण, आर्थिक सशक्तिकरण, क्षमता विकास, तालिम, अध्ययन-अनुसन्धान, भाषा-साहित्य-कला-संस्कृतिको विकास, विज्ञान तथा प्रविधिको विकास लगायतका आयोजना वा प्रदेश कानूनले सामाजिक विकास आयोजनाका रूपमा उल्लेख गरेका अन्य परियोजना समेतलाई सम्झनु पर्छ।

(ढ) “सार्वजनिक-निजी साझेदारी” भन्नाले सार्वजनिक वस्तु वा सेवासँग सम्बन्धित पूर्वाधारको निर्माण वा सञ्चालन गर्न सार्वजनिक तथा निजीक्षेत्र बीचको सम्झौता अन्तर्गत निजीक्षेत्रले सार्वजनिक वस्तु वा सेवाको निर्माण तथा व्यवस्थापन र तोकिएको अवधि तथा गुणस्तर अनुसार निर्माण तथा सञ्चालन गर्नका लागि मापनयोग्य कार्य सम्पादन सूचकका आधारमा जोखिम, जिम्मेवारी र लाभको उपयुक्त वितरण सहित योजना निर्माण, सञ्चालन तथा व्यवस्थापनलाई सम्झनु पर्छ ।

(ण) “स्थानीय तह” भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

## परिच्छेद - २
## प्रदेश आयोजना बैङ्क सञ्चालन

३. **आयोजना बैङ्कको स्थापना र सञ्चालनः** (१) विद्युतीय सूचना प्रणालीमा आधारित गण्डकी प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सहितको एक गण्डकी प्रदेश आयोजना बैङ्क रहनेछ ।

(२) लगानीयोग्य आयोजनाको अवधारणा विकास, तयारी, छनौट तथा प्राथमिकीकरण गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालय वा निकायको हुने र सो कार्यलाई समन्वय गर्ने जिम्मेवारी आयोगको हुनेछ।

(३) गण्डकी प्रदेश आयोजना बैङ्क नेपाल सरकार, राष्ट्रिय योजना आयोगले प्रयोगमा ल्याएको आयोजना बैङ्क सूचना प्रणाली (सफ्टवेयर) को प्रयोग गरी प्रदेशको आयोजना र तीनै तहको सरकारको अन्तर सम्बन्धित आयोजना तयारी, लेखाजोखा, छनौट तथा कार्यान्वयन गर्न सहज हुने गरी प्रयोगमा ल्याउनु पर्नेछ।

(४) गण्डकी प्रदेश आयोजना बैङ्कमा मन्त्रालय/निकायले आयोजना प्रविष्टि गर्नेछन् । सो कार्यको लागि आयोगले प्रत्येक मन्त्रालय/निकायलाई प्रयोगकर्ता लगइन (User ID) उपलब्ध गराउनेछ।

४. **आयोजना बैङ्कमा प्रविष्टि गर्नुपर्नेः** (१) प्रदेश सरकारको लगानी, प्रदेश स्थानीय तह साझेदारी, प्रदेश तथा सङ्घ साझेदारी, सङ्घ-प्रदेश-स्थानीय तह साझेदारी, अन्तर प्रदेश साझेदारी, सार्वजनिक निजी साझेदारी, वैदेशिक सहयोग तथा लगानीमा विकास तथा सञ्चालन हुने आयोजना गण्डकी प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(२) आयोजनाको विकास तथा कार्यान्वयनका क्रममा तयार हुने आयोजनासँग सम्बन्धित महत्वपूर्ण दस्तावेज र सम्पन्न भएको आयोजनाको विभिन्न चरणका प्रतिवेदन सम्बन्धित निकायले आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(३) सम्बन्धित मन्त्रालय वा निकायले प्रयोगमा ल्याएको अनुगमन तथा लेखाजोखा र प्रगति प्रतिवेदनसँग सम्बन्धित विद्युतीय सूचना प्रणालीमा रहेको विवरण गण्डकी प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीले आवश्यकता अनुसार स्वतः प्राप्त गर्ने गरी अन्तर आबद्धता कायम गर्नु पर्नेछ।

(४) गण्डकी प्रदेश आयोजना बैङ्कमा आयोजना प्रविष्टि गर्दा आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, नेपाल सरकार वा प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

५. **<u>गण्डकी प्रदेश आयोजना बैङ्कको सचिवालयः</u>** (१) गण्डकी प्रदेश आयोजना बैङ्कको सचिवालय आयोगमा रहनेछ।

(२) गण्डकी प्रदेश आयोजना बैङ्कको संचालन तथा व्यवस्थापनका लागि यस कार्यविधि बमोजिम गठित विभिन्न समितिहरूलाई आवश्यक प्रशासनिक तथा व्यवस्थापकीय प्रबन्ध गर्ने जिम्मेवारी सचिवालयको हुनेछ।

(३) आयोगले निश्चित कार्यसम्पादन गर्न सचिवालयको स्वीकृत दरबन्दी बमोजिमको जनशक्तिबाट सम्भव नहुने अवस्थामा आवश्यकता अनुसार सम्बन्धित विषय क्षेत्रको विज्ञ तथा प्राविधिक मार्फत सेवा प्राप्त सक्नेछ।

(४) सचिवालयले सम्बन्धित मन्त्रालय वा निकायबाट हुने आयोजनाको पहिचान तथा विकास, लेखाजोखा र छनौट तथा प्राथमिकीकरण प्रकृयामा सम्पर्क विन्दुका रूपमा कार्य गर्नेछ।

६. **<u>आयोजना बैङ्कको अन्तरतह आबद्धताः</u>** (१) गण्डकी प्रदेश आयोजना बैङ्कसँग एकरूपता कायम हुने गरी स्थानीय तहका आयोजना बैङ्कको विकास गर्न आयोगले आवश्यक सहयोग गर्न सक्नेछ।

(२) आयोगले गण्डकी प्रदेश आयोजना बैङ्क र स्थानीय तहको आयोजना बैङ्कबीच आवश्यक सूचना आदान-प्रदान हुने गरी अन्तर आबद्धता कायम गर्नु पर्नेछ।

## परिच्छेद - ३

## <u>आयोजनाको पहिचान</u>

७. **<u>आयोजना अवधारणापत्र तयार गर्नुपर्नेः</u>** (१) आयोजना तयारी सम्बन्धित मन्त्रालय/निकायले आयोजनाको अवधारणालाई सरोकारवाला बीच छलफल र अध्ययन गरी अनुसूची - १ बमोजिमको लागत भन्दा बढीका विषय क्षेत्रगत आयोजनाको आयोजना अवधारणापत्र तयार गर्नुपर्नेछ।

तर, उपदफा (१) बमोजिमको सीमा भन्दा कम लागत भएका सालवसाली रूपमा सञ्चालन गर्नुपर्ने र साना प्रकृतिका आयोजना तथा क्रियाकलापहरू आयोजना बैङ्कमा सोझै प्रविष्ट गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको आयोजना अवधारणा पत्र तयार गर्न देहाय बमोजिमको विधि अवलम्बन गर्न सकिनेछः

(क) डेस्क अध्ययनः यस अध्ययनमा सम्बन्धित निकायको प्रोफाइल, आवधिक योजना, सम्बन्धित

क्षेत्रको गुरुयोजना, आधारभूत अध्ययन प्रतिवेदन लगायत सहायक स्रोतहरू समावेश गर्न सकिनेछ।

(ख) स्थलगत अध्ययनः यस अध्ययनमा स्थलगत वस्तु स्थितिको अवलोकन, लक्षित तथा सरोकारवाला समूहसँगको छलफल लगायतका विधि समावेश गर्न सकिनेछ ।

(३) आयोजना अगाडि बढाउँदा विकासको नतिजा प्राप्त गर्न सकिने प्रारम्भिक संकेत देखिएमा, सरकारी रणनीतिसँग आयोजनाको तालमेल देखिएमा, वित्तीय हिसावले धान्न सक्ने अवस्था देखिएमा, आयोजना कार्यान्वयनका लागि संस्थागत क्षमता देखिएमा तथा प्रविधिको उपयुक्तता हुने देखिएमा आयोजना अवधारणा पत्र तयार गर्ने कामलाई पूर्णता दिन सकिनेछ।

(४) सम्बन्धित मन्त्रालय वा निकायले आयोजनाको अवधारणा पत्र आयोजना बैङ्क सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

(५) आयोजना अवधारणा पत्र तयार गर्दा अनुसूची - २ मा उल्लिखित विषयवस्तु समेट्नु पर्नेछ।

(६) आयोजना अवधारणा पत्र स्वीकृत भएमा आयोजना तयार गर्ने निकायले सम्भाव्यता अध्ययन गर्न सक्नेछ ।

(७) आयोजना अवधारणा पत्र स्वीकृत भएमा आयोजनाको आयोजना अवधारणापत्रको लेखाजोखा अनुसूची - ३ अनुसार गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## संस्थागत व्यवस्था

८. **निर्देशक समितिको गठनः** (१) गण्डकी प्रदेश आयोजना बैङ्कको प्रभावकारी सञ्चालन गर्नका लागि आवश्यक मार्गदर्शन, समन्वय र सहजीकरण तथा स्वीकृत गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः

(क) उपाध्यक्ष, आयोग -संयोजक

(ख) सदस्यहरू, आयोग -सदस्य

(ग) प्रदेश सचिव, प्रदेश सरकारका मन्त्रालय/ निकाय सबै -सदस्य

(घ) प्रदेश सचिव, आयोग -सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको बिषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको सचिवालय आयोगमा रहनेछ।

(५) समितिको व्यवस्थापकीय खर्च आयोगले गर्नेछ।

९. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गण्डकी प्रदेश आयोजना बैङ्क सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, संशोधन एवं परिमार्जन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ख) गण्डकी प्रदेश आयोजना बैङ्क र स्थानीय तहका आयोजना बैङ्कहरूबीच नीतिगत सामञ्जस्य तथा प्रणालीगत एकरूपता कायम गर्ने,

(ग) गण्डकी प्रदेश आयोजना बैङ्क सञ्चालनको नियमित सुपरिवेक्षण गरी मार्गदर्शन गर्ने,

(घ) गण्डकी प्रदेश आयोजना बैङ्क सञ्चालनका क्रममा देखिएका समस्याहरूको समाधान गर्ने,

(ङ) प्राविधिक समितिबाट सिफारिस भई आएका अनुसूची - १ मा तोकिए भन्दा बढी लागत अनुमान भएका अनुसूची - ४ मा तोकिएको भन्दा कम लागत भएका आयोजनाको आयोजना अवधारणापत्र स्वीकृत गरी आयोजना बैङ्कमा प्रविष्टिको लागि स्वीकृत गर्ने,

(च) प्राविधिक समितिबाट सिफारिस भइ आएका अनुसूची - ४ मा तोकिएको भन्दा बढी लागत भएका आयोजनाको सम्भाव्यता अध्ययन गर्न सम्बन्धित मन्त्रालयलाई सहमति प्रदान गर्ने,

(छ) दफा १० बमोजिमको समितिबाट सिफारिस भइ आएका सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गरी आयोजना बैङ्कमा प्रविष्टिको लागी स्वीकृत गर्ने,

(ज) आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएका आयोजनाहरू स्वीकृतिको लागि आयोगमा सिफारिस गर्ने,

(झ) आवश्यकता अनुसार अन्तर तह/निकाय समन्वय र सहजीकरण गर्ने ।

१०. **मन्त्रालयगत प्राविधिक समितिको गठनः** (१) गण्डकी प्रदेश आयोजना बैङ्कको प्रभावकारी सञ्चालन गर्नका लागि आयोजना अवधारणापत्र लेखाजोखा गरी उपयुक्त देखिएका अनुसूची - १ बमोजिमको लागत अनुमान भन्दा बढी लागत

अनुमान भएका आयोजना निर्देशक समिति समक्ष सिफारिस गर्न प्रत्येक मन्त्रालयमा देहाय बमोजिमको मन्त्रालयगत प्राविधिक समिति रहनेछः

(क) प्रदेश सचिव, सम्बन्धित मन्त्रालय -संयोजक

(ख) प्रमुख, सम्बन्धित विषयगत निर्देशनालय/ प्रतिष्ठान/कार्यालय - सदस्य

(ग) सम्बन्धित/विषयगत महाशाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित शाखा/महाशाखा प्रमुख, आयोग -सदस्य

(ङ) योजना महाशाखा प्रमुख, सम्बन्धित मन्त्रालय -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको सचिवालय सम्बन्धित मन्त्रालयमा रहनेछ।

(४) समितिको व्यवस्थापकीय खर्च सम्बन्धित मन्त्रालयले गर्नेछ।

(५) प्राविधिक समितिको बैठकमा आयोग, सम्बन्धित क्षेत्रको विषय विज्ञ र सम्बन्धित स्थानीय तहको प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ।

**११.** **मन्त्रालयगत प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः** मन्त्रालयगत प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजना अवधारणा पत्रको लेखाजोखा गरी उपयुक्त देखिएका अनुसूची - १ बमोजिमको लागत अनुमान भन्दा बढी लागत अनुमान भएका आयोजनाहरू निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ख) अनुसूची - १ बमोजिमको लागत अनुमान भन्दा कम लागत अनुमान भएका आयोजनाको उपयुक्तताको आधारमा सिफारिस गरी स्वीकृतिको लागि आयोग समक्ष पेस गर्ने।

## परिच्छेद - ५

## आयोजना विकास तथा विश्लेषण र लेखाजोखा

**१२.** **सम्भाव्यता अध्ययन गराउनु पर्ने:** (१) सम्बन्धित मन्त्रालय वा निकायले निर्देशक समितिबाट सहमति पश्चात् अनुसूची - ४ बमोजिमको लागत अनुमान भन्दा बढी लागत अनुमान भएका विषय क्षेत्रगत आयोजनाको सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) आयोजना अवधारणा पत्र र सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत भएका आयोजना सम्बन्धित मन्त्रालय वा निकायले गण्डकी प्रदेश आयोजना बैङ्कमा प्रविष्ट गर्नु पर्नेछ।

(३) आयोजना अवधारणापत्रको लेखाजोखाबाट कुनै आयोजना सार्वजनिक निजी क्षेत्र साझेदारीमा सञ्चालन हुन सक्ने देखिएमा आयोजना कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले यसै चरणबाट निजी क्षेत्रलाई आह्वान गर्न सक्नेछ।

(४) आयोजनाको सम्भाव्यता अध्ययनमा समावेश गरिनु पर्ने मुख्य बुँदाहरू तथा व्याख्या अनुसूची - ५ बमोजिम हुनेछ।

(५) सम्भाव्यता अध्ययन प्रतिवेदन सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश आयोजना बैङ्कको सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

१३. **<u>आयोजनाको सम्भाव्यता अध्ययनको लेखाजोखा र स्वीकृतिः</u>** (१) प्रदेश आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनलाई मन्त्रालयगत प्राविधिक समितिले यस कार्यविधिको अनुसूची - ६ अनुसार लेखाजोखा गरी स्वीकृतिका लागि निर्देशक समितिमा पेस गर्नेछ ।

(२) निर्देशक समितिले उपदफा (१) बमोजिमको प्रस्ताव स्वीकृत गर्न, परिमार्जन सहित पुनः पेस गर्ने गरी फिर्ता पठाउन वा अस्वीकृत गर्न सक्नेछ।

(३) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको लेखाजोखाबाट कुनै आयोजना सार्वजनिक - निजी साझेदारीमा सञ्चालन हुन सक्ने देखिएमा यस चरणबाट समेत आयोजना कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले निजी क्षेत्रलाई आह्वान गर्न सक्नेछ।

१४. **<u>विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्नेः</u>** (१) वार्षिक विकास कार्यक्रममा समावेश भएका, आयोजना अवधारणापत्र स्वीकृत भई आयोजना बैङ्कमा प्रविष्टि भएका र निर्देशक समितिबाट सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत भई आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालय/ निकायले विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) विस्तृत परियोजना प्रतिवेदनमा संलग्न गर्नुपर्ने विषयहरू आयोजनाको प्रकृति अनुसार सम्बन्धित निकायले आवश्यकता अनुसार आयोजनाको प्रतिफल, क्षेत्रगत परिदृश्य, सर्वेक्षण, विस्तृत इन्जिनियरिङ डिजाइन, आयोजना कार्यान्वयन योजना, विस्तृत आर्थिक विश्लेषण, वित्तीय विश्लेषण, आयोजना सञ्चालन र व्यवस्थापन ढाँचा (संस्थागत व्यवस्था, जिम्मेवारी, स्रोत) वातावरणीय र सामाजिक प्रभाव अध्ययन र वातावरणीय कार्ययोजना, लैङ्गिक तथा सामाजिक समावेशीकरण तथा आयोजनाकोजोखिम संवेदनशीलता विश्लेषण आदी समावेश गर्नु पर्नेछ।

(३) विस्तृत परियोजना प्रतिवेदनमा संलग्न गर्नुपर्ने मुख्य विषय क्षेत्र तथा व्याख्या अनुसूची - ७ बमोजिम र सोको लेखाजोखा अनुसूची - ८ बमोजिम हुनेछ।

(४) विस्तृत परियोजना प्रतिवेदन सम्बन्धित मन्त्रालय/निकायले स्वीकृत गर्नेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृत भएको विस्तृत परियोजना प्रतिवेदनको विवरण सम्बन्धित मन्त्रालय/निकायले आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

१५. **आयोजना बैङ्कमा प्रविष्टि र स्वीकृतिः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनी कार्यविधि जारी हुनुपुर्व विस्तृत परियोजना प्रतिवेदन तयार भएका, बहुवर्षिय स्वीकृत भइ कार्यान्वयनमा रहेका, स्रोत सुनिश्चित भई कार्यान्वयनमा रहेका र क्रमागत आयोजनाहरू सम्बन्धित मन्त्रालय/निकायले आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न बाधा पर्ने छैन ।

(२) आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएका आयोजनाहरू मध्येबाट आयोगले उपयुक्त देखेका आयोजना स्वीकृत गर्नेछ।

(३) आयोगले स्वीकृत आयोजनाको विषय क्षेत्रगत सूची तयार गरी वेबसाइट मार्फत प्रकाशन गर्नेछ।

## परिच्छेद - ६

## आयोजना छनौट तथा कार्यान्वयन

१६. **आयोजना छनौट गर्नुपर्नेः** (१) दफा १५ बमोजिम आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा स्वीकृत भएका आयोजनाहरू मध्येबाट सम्बन्धित मन्त्रालय/निकायले अनुसूची - ९ अनुसार आयोजना तत्परता लेखाजोखा (Project Readiness Assessment) गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएका आयोजनाहरू मध्येबाट सम्बन्धित मन्त्रालय/निकायले बजेट सीमा र प्राथमिकताको आधारमा वार्षिक विकास कार्यक्रममा समावेश गर्न PROVINCIAL LINE MINISTRY BUDGETARY INFORMATION SYSTEM (PLMBIS) मा प्रविष्ट गर्न सक्नेछ।

१७. **आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेः** (१) आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा समावेश भएका आयोजनालाई स्रोत सुनिश्चितता तथा खर्चको औचित्यका लागि सम्बन्धित मन्त्रालय वा निकायले अनुसूची - १० बमोजिम वर्गीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिकीकरण गर्दा पहिलो प्राथमिकतामा परेका आयोजना सम्पन्न गर्न आवश्यक पर्ने स्रोत सुनिश्चित हुने गरी बजेट प्रस्ताव गर्नु पर्नेछ।

**परिच्छेद-७**

**विविध**

१८. **आयोजना माग फाराम:** सम्बन्धित आयोजनाको प्रकृति अनुसार आयोजना बैङ्कमा प्रविष्टिको लागि सम्बन्धित मन्त्रालयले आयोजनाको माग फारामको ढाँचा तयार गरी लागू गर्न सक्नेछ ।

१९. **लेखाजोखा आधारको अङ्कभार विभाजन:** अनूसुची -३, अनूसुची - ६, अनुसूची -८ र अनुसूची - ९ मा उल्लिखित लेखाजोखा आधार मापदण्डको अङ्कभारको विभाजन आयोजनाको प्रकृति अनुसार सम्बन्धित मन्त्रालयले तयार गरी लागू गर्नु पर्नेछ । सोको जानकारी आयोगलाई गराउनु पर्नेछ ।

२०. **सफ्टवेयर प्रयोग गर्न सक्ने:** आयोगले यस कार्यविधि र प्रदेश आयोजना बैङ्कलाई कार्यान्वयन गर्न विद्यमान सफ्टवेयरमा समयानुकूल सुधार गरी प्रयोग गर्नेछ ।

२१. **अनुगमन तथा मूल्याङ्कन:** यस कार्यविधि बमोजिम छनौट भएका आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आयोग र सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारको निकायले गर्नु पर्नेछ ।

२२. **विशेष परिस्थितिका आयोजना:** (१) सम्बन्धित मन्त्रालय वा निकायले देहाय बमोजिमको विशेष परिस्थितिका आयोजना यस कार्यविधिले तोकेको प्रकृया पूरा नगरी सोझै कार्यान्वयन गर्न सक्नेछन्:

(क) विपद्को अवस्थामा गरिने खोज, उद्धार, राहत तथा पुनःस्थापना र तत्काल गर्नुपर्ने पुनः निर्माण सम्बन्धी आयोजना,

(ख) महामारी नियन्त्रणका लागि तत्काल सम्बोधन गर्नुपर्ने आयोजना,

(ग) संकटकालीन अवस्था सम्बोधन गर्नुपर्ने आयोजना,

(घ) प्रदेश सरकारले विशेष परिस्थिति भनी निर्णय गरी तोकेका अन्य आयोजना।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन गरिएका आयोजना समेत अभिलेखका लागि गण्डकी प्रदेश आयोजना बैङ्कमा प्रविष्ट गर्नुपर्नेछ।

२३. **आयोजना निष्क्रिय हुने:** (१) पहिचान, विकास तथा विश्लेषण र लेखाजोखा भई आयोजना बैङ्कमा सूचीकृत भएको कुनै आयोजना पाँच वर्षभित्र कार्यान्वयन हुन नसकेमा स्वतः निष्क्रिय हुनेछ।

(२) उपदफा (१) बमोजिमको आयोजना पुनः सञ्चालन गर्नु परेमा यस कार्यविधिले तोकेको आयोजना विकास र लेखाजोखाका प्रक्रियाहरु पुनः पूरा गर्नु पर्नेछ।

२४. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधिमा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने भएमा वा कार्यान्वयनमा कुनै समस्या आइपरेमा आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ।

२५. **खारेजी र बचाऊ:** (१) आयोगबाट जारी गरिएको प्रदेश आयोजना बैङ्क दिग्दर्शन, २०७९ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको दिग्दर्शन बमोजिम भए गरेका कामकारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची - १

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

**आयोजना अवधारणापत्रको न्यूनतम लागत अनुमान सीमा**

| क्र.सं. | विवरण | रू |
|---|---|---|
| | **पूर्वाधार विकास तर्फ** | |
| क | सडक, रङ्गशाला निर्माण, विद्युत् पूर्वाधार, सुरुङ मार्ग, यातायात पूर्वाधार | ५ करोड |
| ख | सडक पुल | ५ करोड |
| ग | सहरी विकास तथा भवन, झोलुङ्गे पुल | १ करोड |
| घ | खानेपानी, सिँचाइ, तटबन्ध | ५० लाख |
| ङ | मझौला तथा साना खेलकुद पूर्वाधार | ५० लाख |
| | **सामाजिक विकास तर्फ** | |
| क | स्वास्थ्य उपकरण | १ करोड |
| ख | सामाजिक क्षेत्र सम्बन्धित पूर्वाधार | ५० लाख |
| ग | सामाजिक विकास, शिक्षा, कला संस्कृति | ५० लाख |
| घ | व्यावसायिक तथा सीप विकास तालिम | ५० लाख |
| | **आर्थिक विकास तर्फ** | |
| क | कृषि, पशुपालन | ५० लाख |
| ख | औद्योगिक पूर्वाधार | ५० लाख |
| ग | पर्यटन पूर्वाधार | ५० लाख |
| | **वन तथा वातावरण तर्फ** | |
| क | वन तथा भू संरक्षण,विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण संरक्षण | १ करोड |
| | **अध्ययन अनुसन्धान तर्फ** | |
| क | विकाससँग सम्बन्धित अध्ययन अनुसन्धान | ५० लाख |

अनुसूची - २

दफा ७ को उपदफा (५) सँग सम्बन्धित

**आयोजनाको अवधारणा पत्रमा समेट्नु पर्ने विषयवस्तु**

| क्र.सं. | शीर्षक | व्याख्या |
|---|---|---|
| १. | **कार्यकारी सारांश** | पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदनको मुख्य नतिजाहरू तथा आवस्यक निर्णयका लागि सिफारिश गरेका मुख्य वुँदाहरू । |
| २. | **आयोजनाको विद्यमान पृष्ठभूमि** | |
| २.१ | आयोजनाको नाम | सम्बन्धित निकायबाट आयोजना स्वीकृत हुँदा उल्लेख भएको नाम र आयोजना कोड । |
| २.२ | आयोजनाको वर्गीकरण | |
| २.३ | क्षेत्रगत रणनीति तथा आवधिक योजनाको नीतिसँग आयोजनाको तालमेल | सम्बन्धित निकाय वा प्रदेश सरकारको आवधिक योजना तथा लक्ष सँग तालमेल भए नभएको बारे उल्लेख गर्ने । |
| २.४ | सरकारको नीति | सरकारको आयोजनासँग सम्वन्धित नीति, कानून तथा मापदण्ड बमोजिम भए नभएको । |
| २.५ | आयोजनाको मुख्य नतिजाहरू | आयोजनाबाट प्राप्त हुने मुख्य नतिजालाई वुँदागत रुपमा प्रस्तुत गर्ने । |
| २.६ | रणनीतिक वा आवधिक योजना सँगको सम्बन्ध | आयोजनाको प्राविधिक, आर्थिक, वित्तीय, वातावरणीय तथा संस्थागत क्षमता जस्ता पक्षहरूको जानकारी सारसंक्षेपमा प्रस्तुत गर्ने । |
| ३. | **विषयगत क्षेत्र विशेषमा रहेका विकासका मुद्दाहरू(दीर्घकालीन तथा मध्यमकालीन)** | |
| ३.१ | क्षेत्रगत रणनीति तथा आवधिक योजनाको नीतिसँग आयोजनाको तालमेल | सम्बन्धित निकाय वा प्रदेश सरकारको आवधिक योजना तथा लक्ष्यसँग तालमेल भए नभएको बारे उल्लेख गर्ने । |
| ३.२ | क्षेत्र / उपक्षेत्र | आयोजना कुन क्षेत्र वा उपक्षेत्र सँग सम्बन्धित हो उल्लेख गर्ने । |
| ३.३ | लक्षित समुदाय र लाभान्वित जनसंख्या विवरण | आयोजनाबाट सिर्जित सेवामा पहुँच स्थापित हुने समुदायबारे उल्लेख गर्ने । |

| | | |
|---|---|---|
| ३.४ | आयोजना कार्यान्वयन गर्ने निकाय | मन्त्रालय वा स्थानीय तह वा निजी क्षेत्र वा अन्य |
| ३.५ | सम्पर्क | आयोजना कार्यान्वयन गर्ने निकायले तोकेको आयोजना प्रमुख, निर्देशक के हो उल्लेख गर्ने र निजको नाम, पद, सम्पर्क नम्बर, इमेल समेत उल्लेख गर्ने । |
| **३.६** | आयोजना निर्माण तथा सञ्चालन विधि | (क) सरकारबाट निर्माण भै सञ्चालन हुने<br>(ख) सरकारबाट निर्माण भै निजी क्षेत्रबाट सञ्चालन हुने<br>(ग) सार्वजनिक-निजी साझेदारी अन्तरगत निर्माण तथा सञ्चालन हुने (निर्माण-हस्तान्तरण, निर्माण-सञ्चालन-हस्तान्तरण, निर्माण-स्वामित्व ग्रहण-सञ्चालन-हस्तान्तरण, इन्जिनियरिङ डिजाइन-खरिद-निर्माण, इन्जिनियरिङ डिजाइन-खरिद-निर्माण-लगानी तथा अन्य विधि) |
| ४. | **आयोजनाको संक्षिप्त विवरण तथा मुख्य विशेषता** | |
| ४.१ | आयोजनाको मुख्य अंगहरू | आयोजनाको परिचय सहित यसका मुख्य कम्पोनेन्टहरू उल्लेख गर्ने । |
| ४.२ | आयोजनामा हुने लगानी (प्रारम्भिक अनुमान) को अवस्था | आयोजनाको अनुमानित लागत उल्लेख गर्ने । |
| ४.३ | आयोजनामा हुने लगानीको मोडालिटि | आयोजनामा लगानी सुनिश्चत भएको छ छैन । यदि लगानी सुनिश्चत भएकोछ भने ३.३ मा रहेको विवरण उल्लेख गर्ने । यदि लगानी सुनिश्चत भएको छैन भने संक्षिप्त नोट उल्लेख गर्ने । |
| ४.५ | आयोजनाका लागि जग्गा प्राप्ति वा वस्ति स्थानान्तरण | आयोजनाका लागि कति जग्गा आवस्यक पर्ने हो देहाय बमोजिमको वर्गीकरण अनुसार उल्लेख गर्ने । |
| | | सरकारी जग्गा (वन जङ्गल, सरकारले व्यवस्थापन गरेको, लिजमा रहेको, संरक्षित जग्गा, समुदायको प्रयोगमा रहेको जग्गा...) उल्लेख गर्ने । |
| ४.६ | विद्यमान सेवाको तह र गुणस्तर | वस्तु वा सेवाको तोकिएको गुणस्तर उल्लेख गर्ने । सम्बन्धित क्षेत्रमा सेवाको गुणस्तरमा रहेको न्यून गुणस्तर, समस्या/बाधाहरू र प्रस्तावित आयोजनाले उक्त समस्यालाई हल कसरी गर्न सक्दछ भन्ने बारे उल्लेख गर्ने । |

| | | |
|---|---|---|
| ४.७ | लक्षित समुदायको अवस्था | सम्भव भएसम्म आयोजना स्थल, लाभान्वित समुदायको खण्डीकृत विवरण (महिला, जेष्ठ नागरिक, युवा, बालबालिका, आदिवासी, पछाडि परेका समुदाय वा अन्य) उल्लेख गर्ने । |
| ४.८ | भौगोलिक, जलवायु सम्वन्धी अवस्था | आयोजना स्थलको सामान्य भौगोलिक तथा जलवायु सम्बन्धी वस्तुगत अवस्था । |
| ४.९ | विद्यमान सेवाको माग | विद्यमान सेवाको माग परिपूर्ति गर्न सकिने वैकल्पिक उपाय तथा विधिहरू जस्तै साविकको आयोजनाको मर्मत सम्भार सेवाको विस्तार स्तरोन्नती लयागतका उपक्षेत्रको व्यवस्थापनमा सुधार, पुनर्निर्माण, विद्यमान संरचना भए त्यसको जिर्णोदार आदी उल्लेख गर्ने । |
| ५. | आयोजनाको प्राविधिक पक्ष | |
| ५.१ | आयोजनाको क्षेत्र भित्र पर्ने स्थानगत योजनाहरू (Spatial Plans) | (क) आयोजनाको क्षेत्र भित्र पर्ने स्थानगत योजनाहरू (Spatial Plans) भू-उपयोग योजना, क्षेत्रगत गुरूयोजना (सडक सञ्जाल गुरूयोजना, सिँचाइ गुरू योजना, कृषि सम्बन्धी गुरूयोजना, विपद सम्बन्धी योजना, ...) का मुख्य मुद्दाको समीक्षा गर्ने । |
| ५.२ | लैङ्गिक तथा सामाजिक समावेशीता विश्लेषण (GESI Analysis) | आयोजनाको हरेक चरणमा महिला, आदिवासी तथा पछाडी परेका वर्गको सक्रीय सहभागिता र प्रतिफलमा हिस्सेदारीको सुनिश्चतता हुने अवस्था उल्लेख गर्ने । |
| ५.३ | आर्थिक विश्लेषण (Economic Analysis) | आर्थिक विश्लेषणको अवधारणा- (प्रारम्भिक लागत अनुमान/ सामाजिक लाभ - लागत विश्लेषण/लागत प्रभावी विश्लेषण/आर्थिक प्रतिफल दर/ गरीवी न्यूनीकरण हुने संख्या (खण्डीकृत) उल्लेख गर्ने । |
| ५.४ | आयोजना निर्माण तथा सञ्चालन विधि | सरकारबाट निर्माण भै सञ्चालन हुने वा सार्वजनिक-निजी साझेदारी वा अन्य |
| ५.५ | वातावरणीय तथा सामाजिक प्रभाव (Environmental and Social Impact) | वातावरणीय तथा सामाजिक प्रभाव जोखिमको आंकलन गर्ने । |
| ५.६ | आयोजना सम्भाव्यताको निष्कर्ष (Conclusion of Project Feasibility) | आयोजनाको नाम, अवस्थिति (नक्शा), आयोजनाको प्रभाव क्षेत्र, मुख्य कम्पोनेन्टहरू, आयोजनाको अनुमानित पूँजीगत लागत, सञ्चालन खर्च, आयोजनाले सृजना गर्ने क्षेत्रगत आर्थिक र सामाजिक लाभ (नतिजा, परिणाम, र |

| | | |
|---|---|---|
| | | प्रभाव), आयोजनामा हुन सक्ने अनुमानित वातावरणीय तथा सामाजिक जोखिम सहित आयोजनाका पूर्व-सम्भाव्यता सहित सम्भाव्यता अध्ययन गर्नु पर्ने कारणहरू उल्लेख सार संक्षेपमा उल्लेख गर्ने । |

***नोटः**

१. आयोजना अवधारणा पत्र तयार गर्दा अनूसुची- ३ बमोजिमका आयोजनाको अवधारणापत्रको लेखाजोखाका आधारलाई समेत समेट्नुपर्नेछ।

२. उल्लिखित पूर्व-सम्भाव्यता अध्ययन प्रतिवेदनमा समेटिनु पर्ने विषयवस्तुहरू समेटेर आयोजना अवधारणा पत्र (Project Concept Note-PCN) तयार गरी प्रदेश आयोजना बैङ्क सूचना प्रणालीमा प्रविष्ट गरिनेछ ।

अनुसूची - ३

दफा ७ को उपदफा (७) सँग सम्बन्धित

**आयोजनाको अवधारणापत्रको लेखाजोखा**

| **क्र.सं.** | **लेखाजोखाका आधार** | **छ** |
|---|---|---|
| क | **आधारभूत मापदण्ड** | |
| १. | सामान्य विश्लेषणका आधारमा आयोजना आर्थिक रूपमा सम्भाव्य छ? | |
| २. | लाभान्वित जनसंख्या कति छ ? | **लागू नहुने समेत** |
| ३. | प्राविधिक दृष्टिले उपयुक्त छ ? | |
| ४. | आयोजनाले प्रादेशिक योजना तथा क्षेत्रगत योजनाको सोच, लक्ष्य, उद्देश्य र समष्टिगत रणनीतिमा योगदान पुऱ्याउँछ? | |
| ५. | आयोजनाले विकासका राष्ट्रिय तथा अन्तर राष्ट्रिय लक्ष्य घोषणा र प्रतिवद्धता (SDG, LDC Graduation, Vision 2100 आदि) पूरा गर्न प्रत्यक्ष योगदान पुऱ्याउँछ? | |

| **क्र.सं.** | **लेखाजोखाका आधार** | **अङ्कभार** | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|
| | | छ | **छ तर पर्याप्त छैन** | | | | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०.२) | |
| ख | **सामान्य मापदण्ड** | | | | | | |
| १. | आयोजना सञ्चालन गर्न आवश्यक पर्ने जग्गा व्यवस्थापन कत्तिको सहज छ? | | | | | | |
| २. | आयोजना निर्माणको विधि प्रष्ट छ? | | | | | | |
| ३. | कार्यान्वयनका लागि आवश्यक श्रम तथा सीप उपलब्ध छ? | | | | | | |
| ४. | आयोजनालेलक्षित समुदाय समेट्छ? | | | | | | |
| ५. | कार्यान्वयन गर्न संस्थागत | | | | | | |

| क्र.सं. | लेखाजोखाका आधार | अङ्कभार | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०.२) | |
| | क्षमता छ? | | | | | | |
| ६. | लगानीका स्रोत सुनिश्चत छ? (छैन भने लगानीको योजना बारे कैफियतमा उल्लेख गर्ने) | | | | | | |
| ७. | प्रस्तावित आयोजना भू-उपयोग नीति अनुकुल छ? | | | | | | |
| ८. | आयोजनाको प्रस्तावित जग्गामा बस्ती भए पुनर्वास गराउन वा अन्य तरिकाले व्यवस्थापन गर्न सम्भव छ? (कसरी सम्भव छ वा छैन कैफियतमा खुलाउने) | | | | | | |
| ९. | प्रस्तावित जग्गा वन क्षेत्रमा भए आवश्यक कानूनी प्रक्रिया पूरा गरी वन क्षेत्र उपयोग गर्ने योजना प्रस्ताव गरिएको छ? | | | | | | |
| १०. | प्रस्तावित आयोजनाका सम्बन्धमा कुनै  विवाद, समस्या वा जटिलता भए समाधान गरी आयोजना कार्यान्वयन गर्ने योजना प्रस्ताव गरिएको छ? | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्षेत्रगत आधार** | | | | | | | |
| **क. औद्योगिक पूर्वाधार** | | | | | | | |
| १. | आयोजना स्थल राष्ट्रिय राजमार्गबाट कम्तीमा २ कि.मि. टाढा छ? | | | | | | |
| २. | उद्योगीहरु उक्त स्थानमा उद्योग संचालन गर्न इच्छुक छन्? | | | | | | |
| ३. | आवश्यक कच्चा पदार्थको उपलब्धता र बजारको संभावना छ? | | | | | | |
| **ख. खानेपानी** | | | | | | | |
| १. | पानीको स्रोत वा मूल पर्याप्त र भरपर्दो (April Flow) छ? | | | | | | |
| २. | पानीको मुहान दर्ता भएको छ कि छैन ? | | | | | | |
| ३. | खानेपानीको स्रोत कस्तो छ ? | | | | | | |
| ४. | प्रस्तावित खानेपानी आयोजनाबाट लाभान्वित हुने घरधुरी? | | | | | | |
| ५. | खानेपानीको सुविधाको वर्तमान अवस्था कस्तो छ ? | | | | | | |
| ६. | प्रस्तावित खानेपानी आयोजनाको प्रकार? | | | | | | |
| ७. | प्रस्तावित खानेपानी आयोजना प्रणाली (System)? | | | | | | |
| ८. | खानेपानी सुबिधा हुने क्षेत्रमा कति प्रतिशत घरधुरी दलित, आदिवासी | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जनजाति र सीमान्तकृत घरधुरीको बसोबास रहेको ? | | | | | | |
| ९. | प्रारम्भिक लागत अनुमानका आधारमा खानेपानीको आयोजना लागत किफायती छ? | | | | | | |
| **ग. सिंचाई** | | | | | | | |
| १. | पानीको स्रोत वा मूल बाह्रै महिना पर्याप्त र भरपर्दो छ? | | | | | | |
| २. | सिंचाइको लागि सिंचित क्षेत्रफल कति छ ? | | | | | | |
| ३. | सिंचाइ आयोजनाको कार्यान्वयनले भैरहेको सिंचाई सुबिधा कति प्रतिशत जग्गामा थप बिस्तार हुन्छ? | | | | | | |
| ४. | सिँचाइ आयोजनाको कार्यान्वयनले वार्षिक कुन कुन याममा सिँचाइको सुविधा पर्याप्त, नियमित र भरपर्दो रूपमा उपलब्ध हुन्छ? | | | | | | |
| ५. | सिंचाई हुने क्षेत्रमा कति घरधुरीको जग्गा छ ? | | | | | | |
| ६. | सिंचाई हुने क्षेत्रमा कति प्रतिशत घरधुरी दलित, आदिवासी जनजाति र सीमान्तकृत घरधुरीको बसोबास रहेको ? | | | | | | |
| ७. | सिँचाइ आयोजनाको कार्यान्वयनले कृषकको | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आम्दानी कत्तिको बढाउन सक्छ? | | | | | | |
| ८. | प्रारम्भिक लागत अनुमानका आधारमा सिँचाई आयोजनाको लागत किफायती छ? | | | | | | |
| ९. | वातावरणीय अध्ययन गर्न पर्छ कि पर्दैन ? | | | | | | |
| **घ.लिफ्ट/भूमिगतको आधार अनुसार** | | | | | | | |
| १. | पानीको स्रोत वा मूल बाह्रै महिना पर्याप्त र भरपर्दो छ? | | | | | | |
| २. | सिँचाइको लागि सिँचित क्षेत्रफल कति छ ? | | | | | | |
| ३. | सिँचाइ आयोजनाको कार्यान्वयनले भैरहेको सिंचाई सुबिधा कति प्रतिशत जग्गामा थप बिस्तार हुन्छ? | | | | | | |
| ४. | सिँचाइ आयोजनाको कार्यान्वयनले वार्षिक कुन कुन याममा सिँचाइको सुविधा पर्याप्त,नियमित र भरपर्दो रूपमा उपलब्ध हुन्छ? | | | | | | |
| ५. | भूमिगत/लिफ्ट सिंचाइको हकमा कुल गहिराई/लिफ्टको उचाईको सम्भावना कति मिटर रहेको छ ? | | | | | | |
| ६. | भूमिगत सिंचाइको हकमा प्रस्तावित भूमिगत सिंचाईको ३०० मिटर | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भन्दा नजिकमा अर्को ट्युवेल छ कि छैन ? | | | | | | |
| ७. | सिंचाई हुने क्षेत्रमा कति घरधुरीको जग्गा छ ? | | | | | | |
| ८. | सिंचाई हुने क्षेत्रमा कति प्रतिशत घरधुरी दलित, आदिवासी जनजाति र सीमान्तकृत घरधुरीको बसोबास रहेको छ? | | | | | | |
| ९. | सिँचाइ आयोजनाको कार्यान्वयनले कृषकको आम्दानी कत्तिको बढाउन सक्तछ ? | | | | | | |
| १०. | प्रारम्भिक लागत अनुमानका आधारमा सिँचाई आयोजना लागत किफायती छ? | | | | | | |
| ११. | लिफ्ट सिंचाइको हकमा सम्पवेल बनाउने वा भूमिगत बोरिंग गर्ने स्थान नदीबाट कति दुरीमा प्रस्ताव गर्न सकिन्छ? | | | | | | |
| १२. | विभिन्न भौतिक पूर्वाधारका हिसावले सिंचाइ हुने जग्गा कस्तो क्षेत्रमा पर्दछ ? | | | | | | |
| १३. | प्रारम्भिक लागत अनुमानका आधारमा सिँचाई आयोजना लागत किफायती छ? | | | | | | |
| **ङ. नदी व्यवस्थापन** | | | | | | | |
| १. | प्रस्तावित नदी व्यवस्थापन सम्बन्धि आयोजनाले | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रतक्ष्य जोखिममा परेका कति घरधुरीलाई जोखिम न्यूनीकरण गर्न सकिन्छ ? | | | | | | |
| २. | प्रस्तावित नदी व्यवस्थापन सम्बन्धि आयोजनाले प्रतक्ष्य जोखिममा परेका कति हेक्टर खेतीयोग्य जमिनमा जोखिम न्यूनीकरण गर्न सकिन्छ ? | | | | | | |
| ३. | जोखिममा परेका संरचनाको किसिम ? | | | | | | |
| ४. | प्रस्तावित नदी व्यवस्थापन सम्बन्धि आयोजनाले कति हेक्टर जग्गा उकास हुन्छ? | | | | | | |
| ५. | नदी व्यवस्थापन सम्बन्धी प्रबिधि? | | | | | | |
| ६. | नदी व्यवस्थापन हुने क्षेत्रमा कति प्रतिशत घरधुरी दलित, आदिवासी जनजाति र सीमान्तकृत घरधुरीको बसोबास रहेको ? | | | | | | |
| ७. | प्रस्तावित नदी व्यवस्थापन/तटबन्द योजनमा जग्गाको विवाद हुन्छ कि हुदैन वा खोलाको Water Way Perimeter पर्याप्त राख्न सकिन्छ कि सकिदैंन ? | | | | | | |
| ८. | ढुंगा लगायतका निर्माण सामाग्री स्थानीय रूपमा पाइने वा नपाईने ? | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | प्रारम्भिक लागत अनुमानका आधारमा नदी व्यवस्थापन आयोजना लागत किफायती छ? | | | | | | |
| १०. | वातावरणीय अध्ययन गर्न पर्छ कि पर्दैन ? | | | | | | |
| **च. उर्जा** | | | | | | | |
| १. | आयोजना स्थलमा सेन्ट्रल ग्रिड, प्रसारण लाइन वा अन्य पूर्वाधार उपलब्ध छ? छैन भने उत्पादित उर्जा उपयोगको योजना प्रस्ताव गरिएको छ? | | | | | | |
| **छ. यातायात पूर्वाधार** | | | | | | | |
| १. | सडक आयोजनाले जोड्ने स्थान र सोको एलाइनमेण्ट खुलेको छ? | | | | | | |
| २. | भौगर्भिक हिसाबले सडक आयोजना कत्तिको सुरक्षित छ? | | | | | | |
| ३. | सडक आयोजनाले कुनै दुई वा सोभन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने हो वा हैन? | | | | | | |
| ४. | सडक आयोजनाले कुनै दुई वा सोभन्दा बढी जिल्ला जोड्ने हो वा हैन? | | | | | | |
| ५. | सडक आयोजनाले कुनै दुई वा सोभन्दा बढी पर्यटकीय क्षेत्र, जलविद्युत् केन्द्र, प्रमुख कृषि उत्पादनका क्षेत्र, औद्योगिक क्षेत्र, आर्थिक | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | केन्द्रर धार्मिक क्षेत्र वा अन्य कुनै महत्वपुर्ण क्षेत्र जोड्ने हो वा हैन? | | | | | | |
| ६. | प्रादेशिक सडकपुल योजनाले प्रमुख प्रादेशिक सडक जोड्ने हो वा होइन? | | | | | | |
| ७. | झोलुङ्गे पुल रणनीति बमोजिमको मापदण्ड पूरा हुन्छ वा हुँदैन? | | | | | | |
| **ज.शहरी विकास तथा भवन** | | | | | | | |
| १. | आयोजनाको लागि आवश्यक जग्गाको व्यवस्थापन कत्तिको सहज छ? | | | | | | |
| २. | संरचना निर्माणको लागि स्थलगत रूपमा नदी कटान बाढी पहिरोका दृष्टिले सुरक्षित देखिन्छ वा देखिँदैन? | | | | | | |
| ३. | प्रस्तावित संरचना निर्माण स्थल सेवाग्राहीलाइ पायक पर्ने स्थानमा रहेको छ छैन? | | | | | | |
| **झ.फोहोर व्यवस्थापन** | | | | | | | |
| १. | आयोजना निर्माण तथा सञ्चालनमा स्थानीय समर्थन प्राप्त छ? | | | | | | |
| **ञ.स्वास्थ्य उपकरण** | | | | | | | |
| १. | प्रस्तावित आयोजनाले थप कति सेवाग्राही लाभान्वित हुन्छन? | | | | | | |
| २. | प्रस्तावित आयोजना | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संचालनको लागि दक्ष जनशक्तिको अवस्था कस्तो छ? | | | | | | |
| ३. | प्रस्तावित आयोजना/उपकरण नवीनतम प्रविधिमा आधारित हो वा होइन? | | | | | | |
| ४. | प्रस्तावित उपकरण स्वास्थ्य मापदण्ड अनुकूल सुरक्षित छ? | | | | | | |
| **ट. सामाजिक क्षेत्रसँग सम्बन्धित पूर्वाधार (खानेपानी सिंचाई बाहेक)** | | | | | | | |
| १. | पूर्वाधार निर्माणबाट सामाजिक विकास र रुपान्तरणमा प्रत्यक्ष योगदान पुऱ्याउँछ? | | | | | | |
| २. | जनताको जीवनस्तर, रोजगारी सृजनामा कति योगदान पुऱ्याउँछ? | | | | | | |
| ३. | शैक्षिक/स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा कति योगदान गर्छ? | | | | | | |
| ४. | पूर्वाधार निर्माण पश्चात संचालन र व्यवस्थापनमा समुदाय सक्षम छ? | | | | | | |
| **ठ. सामाजिक विकास, शिक्षा, कला संस्कृति, व्यवसायिक सीप विकास** | | | | | | | |
| १. | प्रस्तावित कार्यक्रम समुदाय स्तरमा सञ्चालित हुने हो? | | | | | | |
| २. | प्रस्तावित कार्यक्रमले रोजगारी सृजना, सीप विकासमा कत्तिको योगदान पुऱ्याउँछ ? | | | | | | |
| ३. | प्रस्तावित कार्यक्रमले | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्राचिन कला संस्कृति, सम्पदाको संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउँछ ? | | | | | | |
| ४. | प्रस्तावित कार्यक्रमले सामाजिक रुपान्तरणमा कति योगदान पुऱ्याउँछ ? | | | | | | |
| ५. | प्रस्तावित कार्यक्रमले लैङ्गिक सवाल, समावेशीकरण जस्ता नीतिलाई कत्तिको योगदान पुऱ्याउँछ ? | | | | | | |
| **ड.कृषिः पशुपालन** | | | | | | | |
| १. | आयोजनाले कृषिको आधुनिकरण र व्यवसायीकरणमा कत्तिको योगदान पुऱ्याउँछ ? | | | | | | |
| २. | प्रस्तावित आयोजना समुदायस्तरमा संचालित हो वा होइन? | | | | | | |
| ३. | कृषिको उत्पादन र उत्पादकत्व वृद्धिमा कत्तिको योगदान पुऱ्याउँछ ? | | | | | | |
| ४. | प्रस्तावित आयोजनाले थप कति रोजगारी सृजनामा गर्छ? | | | | | | |
| **ढ.पर्यटन पूर्वाधार** | | | | | | | |
| १. | पूर्वाधारको विकासबाट पर्यटन आगमनमा कत्तिको बढोत्तरी हुन्छ? | | | | | | |
| २. | पूर्वाधार निर्माण सरकारी | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्रले नै लगानी गर्न औचित्यपूर्ण रहेको छ? | | | | | | |
| ३. | पूर्वाधार निर्माण पश्चात कत्तिको आयस्तर र रोजगारी सिर्जनामा प्रत्यक्ष योगदान पुऱ्याउँछ? | | | | | | |
| ४. | पर्यटक आगमनको दृष्टिकोणबाट पूर्वाधारमा लगानी गर्न औचित्यपूर्ण छ वा छैन? | | | | | | |
| ५. | पूर्वाधार निर्माणमा सार्वजनिक-नीति साझेदारीमा संचालन गर्न सकिन्छ? | | | | | | |
| **ण. वन तथा भू संरक्षण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण संरक्षण** | | | | | | | |
| १. | प्रस्तावित आयोजना जलवायु अनुकूलतासँग सम्बन्धित छ वा छैन? | | | | | | |
| २. | प्रस्तावित आयोजनाले प्राकृतिक सम्पदा (वन/वातावरण) र वन्यजन्तुको संरक्षणमा योगदान गर्छ? | | | | | | |
| ३. | जलवायु परिवर्तनको असर न्यूनिकरणमा योगदान पर्याउँदछ? | | | | | | |
| ४. | जलवायु लगायत अन्य विपद् जोखिम न्यूनीकरण गर्न आयोजनाको योगदान कस्तो छ? | | | | | | |
| ५. | जलवायु परिवर्तनको नकरात्मक असर परेको क्षेत्रलाई पुर्नउत्थान गर्न | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कत्तिको योगदान पुर्याउदछ? | | | | | | |
| **त. विकाससँग सम्बन्धित अध्ययन अनुसन्धान** | | | | | | | |
| १. | सम्बन्धित मन्त्रालय/निकायको कार्यक्षेत्रसँग सम्बन्धित छ? | | | | | | |
| २. | अनुसन्धानको विषयको कार्यक्षेत्रगत शर्त तयार छ वा छैन? | | | | | | |
| ३. | सरकारी निकायबाट नै अध्ययन अनुसन्धान गर्न सम्भव छ? | | | | | | |

**नोटः**

१. **अवधारणा पत्र स्वीकृतिको मापदण्डः** माथिको तालिकामा उल्लिखित मापदण्ड मध्ये सबै आधारभूत मापदण्ड पूरा गरी सामान्य र क्षेत्रगत मापदण्डमा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गर्ने आयोजनाको अवधारणा पत्र स्वीकृतिका लागि योग्य मानिनेछ।

अनुसूची -४

दफा १२ को उपदफा (१) सँग सम्बन्धित

**सम्भाव्यता अध्ययनको न्यूनतम लागत सीमा**

| **क्र.सं.** | **विवरण** | **रू (करोडमा)** |
|---|---|---|
| **पूर्वाधार विकास तर्फ** | | |
| क | सडक, रङ्गशाला निर्माण,विद्युत् पूर्वाधार, सुरुङ मार्ग, यातायात पूर्वाधार | ५० |
| ख | सडक पुल | २५ |
| ग | सहरी विकास तथा भवन | १० |
| घ | खानेपानी, सिँचाइ, तटबन्ध, | ५ |
| ङ | मझौला तथा साना खेलकुद पूर्वाधार, | ५ |
| **सामाजिक विकास तर्फ** | | |
| क | स्वास्थ्य उपकरण | ५ |
| ख | सामाजिक क्षेत्र सम्बन्धित पूर्वाधार | ५ |
| **आर्थिक विकास तर्फ** | | |
| क | कृषि, पशुपालन | ५ |
| ख | औद्योगिक पूर्वाधार | ५ |
| ग | पर्यटन पूर्वाधार | ५ |
| **वन तथा वातावरण तर्फ** | | |
| क | वन तथा भू संरक्षण,विपद् व्यवस्थापन, जलवायु परिवर्तन तथा वातावरण संरक्षण | ५ |

अनुसूची ५

दफा १२ को उपदफा (४) सँग सम्बन्धित

**आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनमा समेटनु पर्ने विषयवस्तु**

| क्र.सं. | शीर्षक | व्याख्या |
|---|---|---|
| | **कार्यकारी सारांश** | सम्भाव्यता अध्ययन प्रतिवेदनको मुख्य नतिजाहरू तथा आवश्यक निर्णयका लागि सिफारिश गरेका बुँदाहरू । |
| | **आयोजना सम्बन्धी संक्षिप्त विवरण** | |
| १. | आयोजना सम्बन्धी विवरण | आयोजना सम्बन्धी सामान्य विवरण |
| १.१ | आयोजनाको नाम, ठेगाना | सम्बन्धित निकायबाट आयोजना स्वीकृत हुँदा उल्लेख भएको नाम र ठेगाना (आयोजना कोड) |
| १.२ | आयोजनाको वर्गीकरण | छोटो अवधि, मध्यम अवधि र लामो अवधि |
| १.३ | क्षेत्रगत रणनीति तथा आवधिक योजनासँग तालमेल | सम्बन्धित निकाय वा प्रदेशको आवधिक योजना तथा लक्ष्यसँग तालमेल भए नभएको बारे उल्लेख गर्ने। |
| १.४ | क्षेत्र / उपक्षेत्र | आयोजना कुन क्षेत्र वा उपक्षेत्र सँग सम्बन्धित हो उल्लेख गर्ने । |
| १.५ | लक्षित समुदाय | आयोजनाबाट सिर्जित सेवामा पहुँच स्थापित हुने समुदायबारे उल्लेख गर्ने । |
| १.६ | आयोजनाको किसिम | प्राविधिक विकल्प अनुसार आयोजनाको किसिम छनौट गर्ने । |
| १.७ | आयोजना कार्यान्वयन गर्ने निकाय | आयोजना कार्यान्वयन गर्नेनिकाय उल्लेख गर्ने । |
| १.८ | सम्पर्क | योजना कार्यान्वयन गर्ने निकायले तोकेको आयोजना प्रमुख/निर्देशक उल्लेख गर्ने र निजको नाम, पद, सम्पर्क नम्बर, इमेल समेत उल्लेख गर्ने । |
| १.९ | आयोजना निर्माण तथा सञ्चालन विधि | (क) सरकारबाट निर्माण भै सञ्चालन हुने<br>(ख) सरकारबाट निर्माण भै निजीक्षेत्रबाट सञ्चालन हुने<br>(ग) सार्वजनिक-निजी साझेदारी अन्तर्गत निर्माण तथा |

| | | |
|---|---|---|
| | | सञ्चालन हुने (निर्माण-हस्तान्तरण, निर्माण-सञ्चालन-हस्तान्तरण, निर्माण-स्वामित्वग्रहण-सञ्चालन-हस्तान्तरण, इन्जिनियरिङ डिजाइन-खरिद-निर्माण, इन्जिनियरिङ डिजाइन-खरिद-निर्माण-लगानीविकल्पबाट छनौट गर्ने। |
| २ | **आयोजनाको विद्यमान पृष्ठभूमि** | |
| २.१ | परिचयात्मक पृष्ठभूमि | आयोजना कार्यान्वयन कुन पृष्ठभूमिमा तयार गर्न लागिएको हो उल्लेख गर्ने । |
| २.२ | सरकारको नीति | सरकारको आयोजना सँग सम्वन्धित नीति, कानून तथा मापदण्ड उल्लेख गर्ने । |
| २.३ | आयोजनाको मुख्य नतिजाहरू | आयोजनाबाट प्राप्त हुने प्रतिफल, परिणाम तथा प्रभाव सूचक सहितको तर्कवद्ध खाका (Logical Framework) उल्लेख गर्ने । |
| २.४ | आवधिक योजना सँगको सम्बन्ध | प्रस्तावित आयोजना सम्बन्धित निकायको आवधिक तथा रणनीतिक योजना सँग कसरी मेल खान्छ उल्लेख गर्ने। |
| ३. | **आयोजनाको विकल्प जाँच** | |
| ३.१ | विद्यमान सेवाको तह र गुणस्तर | सम्बन्धित क्षेत्रमा सेवाको गुणस्तरमा रहेको न्यून गुणस्तर(Poor Service Level), समस्या/बाधाहरू र प्रस्तावित आयोजनाले उक्त समस्यालाई हल कसरी गर्न सक्दछ भन्ने बारे उल्लेख गर्ने । |
| ३.२ | सरकारले तोकेको सेवाको गुणस्तर सम्बन्धी मापदण्ड | वस्तु वा सेवाको तोकिएको गुणस्तर उल्लेख गर्ने । सम्बन्धित क्षेत्रमा सेवाको गुणस्तरमा रहेको न्यून गुणस्तर(Poor Service Level), समस्या/बाधाहरू र प्रस्तावित आयोजनाले उक्त समस्यालाई हल कसरी गर्न सक्दछ भन्ने बारे उल्लेख गर्ने । |
| ३.३ | लक्षित समुदाय | आयोजना स्थल, लाभान्वित समुदायको खण्डीकृत विवरण (महिला, जेष्ठ नागरिक, युवा, बालबालिका, आदिवासी, पिछडिएको समुदाय,अपाङ्गता भएका व्यक्ति) । |
| ३.४ | जलवायु सम्बन्धी अवस्था | आयोजना कार्यान्वयनमा जलवायु परिवर्तनले पार्न सक्ने असर र जलवायु अनुकूलन (Adaption) तथा असर न्यूनिकरणको लागि के कस्तो व्यवस्था छ उल्लेख गर्ने । |
| ३.५ | जैविक विविधता | आयोजना कार्यान्वयनले जैविक विविधतामा पार्न सक्ने असर र सोकोन्यूनिकरणका उपायहरू उल्लेख गर्ने । |
| ३.६ | विद्यमान सेवाको माग | विद्यमान सेवाको माग परिपूर्ति गर्न सकिने वैकल्पिक उपाय तथा विधिहरू जस्तै उपक्षेत्रको व्यवस्थापनमा सुधार, |

| | | |
|---|---|---|
| | | स्तरोन्नती, सुधार विस्तार,पुनर्निर्माण,जिर्णोद्वार आदि) । |
| ४. | **बजार अध्ययन तथा माग विश्लेषण** | |
| ४.१ | माग प्रक्षेपण/अनुमान | (क) लक्षित समुदायले प्रयोग गरेको विद्यमान सार्वजनिक सेवाको गुणस्तरको अवस्था पहिचान गर्ने।<br>(ख) प्रवाहमा भएका कमजोरीहरू पत्ता लगाउने ।<br>(ग) सेवाको गुणस्तर कमजोर हुनुका कारणहरू पहिचान गर्ने ।<br>(घ) हाल सेवाको मात्रामा रहेको खाडल (Gap) पत्ता लगाउने, र नयाँ पूर्वाधार निर्माणको आवश्यकता पहिचान गर्ने ।<br>(ङ) सरकार र अन्य क्षेत्रको सह लगानीमा सञ्चालन हुने आयोजनाको हकमा उपभोक्ताले लागतको भारव्यहोर्ने सम्बन्धमा विश्लेषण गर्ने ।<br>(च) नयाँ बन्ने आयोजनाका लागि उपभोक्ता वा समुदायलेसञ्चालन व्यवस्थापन (operation &maintenance) गर्ने संयन्त्र mechanism र क्षमताको capacity बारेमा उल्लेख गर्ने । |
| ५. | **आयोजनाको प्राविधिक अध्ययन र लागत** | |
| ५. | **आयोजनाको प्राविधिक अध्ययन र लागत** | (क) आयोजनाको डिजाइन सँग सम्बन्धित प्राविधिक पक्ष तथा मापदण्डहरूको समीक्षा गर्ने ।<br>(ख) आयोजनाको विस्तृत लागत अनुमान अन्तर्गत विभिन्न मुख्य कम्पोनेन्टहरू (उपयोगिता र वातावरणीय पक्ष) को लागत, उपकरणको भाडा, परामर्श सेवा, श्रमिकको ज्याला, मर्मत सम्भार सहित सञ्चालन लागतआदि सूक्ष्म रूपमा समीक्षा गर्ने ।<br>(ग) पुँजीगत खर्च (Capital Expenditure)र सञ्चालन खर्च (Operational Expenditure) सूचकमा आधारित भए नभएको लेखाजोखा गर्ने ।<br>(घ) आयोजनाको जोखिमको हिसाबलेसम्भाव्य सामान्य र असामान्य प्रवृति (Trend) विश्लेषण गर्ने । |
| ६. | **आयोजनाको क्षेत्र भित्र पर्ने स्थानगत योजनाहरू** (Spatial Plans) | - आयोजनाको क्षेत्र भित्र पर्ने स्थलगत योजनाहरू (Spatial Plans) भू-उपयोग योजना, क्षेत्रगत गुरूयोजना, प्रादेशिक सडक गुरूयोजना,<br>- खानेपानी,सरसफाइ तथा स्वच्छता व्यवस्थापन सूचना प्रणाली(WASHMIS),सिँचाइ गुरू योजना, |

| | | |
|---|---|---|
| | | - कृषि सम्बन्धी गुरूयोजना,खाद्य सुरक्षा सम्बन्धी गुरूयोजना,<br>- विपद् जोखिम न्युनिकरण तथा विपद् उत्थानशील योजनाका प्रमुखसवालहरूको समीक्षा गर्ने । |
| ७. | **आर्थिक विश्लेषण** (Economic Analysis) | - आयोजनाबाट सिर्जना हुने नयाँ रोजगारी संख्या ,<br>- स्थानीय जनताले पाउने कुल रोजगारी,<br>- महिला, आदिवासी, दलित, मुस्लिम लगायत पछाडी परेका तथा विशेष क्षमता भएकाले पाउने रोजगारी संख्या ,<br>- स्थानीय कच्चा पदार्थको प्रयोगको मात्रा, किसिम, मुल्य तथा आयको वितरण,<br>- स्थानीय कच्चा पदार्थको प्रयोगबाट हुन सक्ने नोक्सान,<br>- निर्यातको मात्रा, राजश्व, स्थानीय आय,<br>- आयातमा हुन सक्ने केही प्रतिस्थापन<br>- स्थानीय कच्चा पदार्थको प्याटेन्ट अधिकार<br>- प्रविधिको विकास<br>- वातावरण संरक्षण लगायत आयोजनाको कूल लागत<br>- सामाजिक तथा आर्थिक लाभ<br>- आर्थिक तथा वित्तीय विश्लेषणबाट आयोजना उपयुक्त देखिएको छ?<br>- Return on Investment (ROI)<br>- मुद्राको खुद वर्तमान मूल्य (Net Present Value) स्वीकार्य र तुलनात्मक रूपमा उच्च छ?<br>- आयोजनाको आन्तरिक प्रतिफल दर (Internal Rate of Return)स्वीकार्य र तुलनात्मक रूपमा उच्च छ?<br>- लाभ-लागत अनुपात (Benefit-Cost Ratio) स्वीकार्य र तुलनात्मक रूपमा उच्च छ?<br>- लगानी फिर्ता अवधि (Payback Period) स्वीकार्य र तुलनात्मक रूपमा न्यून छ?<br>- प्रस्तावित आयोजनाको कुल विस्तृत लागत अनुमान (पुँजीगत तथा चालू) उपयुक्त छ ?<br>- आयोजनाको लागि आवश्यक लगानीको श्रोत (ऋण, अनुदान वा अन्य) पहिचान गरिएको र सुनिश्चित छ?<br>- आयोजनाको प्रक्षेपित नगद प्रवाह (Pro-Forma Cash Flow) |

| | | |
|---|---|---|
| | | तयार गरिएको र उपयुक्त छ?<br>- Sensitivity Analysis |
| ८. | **वित्तीय विश्लेषण**<br>(Financial Analysis) | वित्तीय विश्लेषण निम्न अनुसार तयार गर्नु पर्दछः<br>- आयोजनाको कूल लागत (पूँजीगत, चालु, मर्मत सम्भारखर्च)<br>- सञ्चालन लागत (सार्वजनिक निजी साझेदारीको हकमा)<br>- लगानीको मोडालिटि (ऋण, अनुदान, सह लगानी, निजी,Equity Investment)<br>- आयोजनाबाट प्राप्त हुने आयका स्रोत तथा कूल आय<br>- कूल वर्तमान मुल्य<br>- वित्तीय आन्तरिक प्रतिफलदर |
| ९. | **जोखिम विश्लेषण तथा व्यवस्थापन**<br>(Risk Analysis and Management) | -वित्तीय जोखिम, आर्थिक जोखिम, वातावरणीय जोखिम, विपद् जोखिम, संस्थागत जोखिम, निर्माण जोखिम विश्लेषण गरी जोखिम न्यूनीकरण कार्य योजना उल्लेख गर्ने । |
| १०. | **वातावरणीय तथा सामाजिक प्रभाव**<br>(Environmental and Social Impact) | - आवश्यक पर्नेवातावरणीय अध्ययन(संक्षिप्त वातावरणीय अध्ययन/प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन) का किसिम बारेमा उल्लेख गर्ने ।<br>- वातावरणीय तथा सामाजिक प्रभावको रूपरेखा तयार गर्ने<br>- लैङ्गिक तथा सामाजिक समावेशीकरण (GEDSI) का सवालहरू उल्लेख गर्ने |
| ११. | **कार्यान्वयन तथा सञ्चालन ब्यवस्था**<br>(Implementation and Operational Arrangements) | - निर्माण पश्चात् कार्यान्वयन तथा सञ्चालनव्यवस्थाको मोडल खाकाको बारेमा उल्लेख गर्ने । |
| १२. | **आयोजना सम्भाव्यताको निष्कर्ष**(Conclusion of Project Feasibility) | - आयोजनाको नाम, अवस्थिति (Topographical Map,Google Map,GIS Map,location Plan, System layout plan, Schematic diagram, Earthquake risk mapping, Geological Hazard mappingआदि)<br>- आयोजनाको प्रभाव क्षेत्र<br>- आयोजनाको मुख्य कम्पोनेन्टहरू<br>- आयोजनाको अनुमानित पूँजीगत लागत,सञ्चालन खर्च |

| | | |
|---|---|---|
| | | - आयोजनाले सृजना गर्ने आर्थिक, सामाजिक र सांस्कृतिक लाभ (नतिजा, परिणामर प्रभाव)<br>- आयोजनामा हुन सक्ने अनुमानित वातावरणीय, विपद् तथा सामाजिक जोखिम<br>- आयोजनाका पूर्व- सम्भाव्यता सहित सम्भाव्यता अध्ययन गर्नु पर्ने कारणहरू संक्षेपमा उल्लेख गर्ने । |

**नोटः** आयोजनाको सम्भाव्यता अध्ययन गर्दा अनूसुची - ६ बमोजिमका आयोजनाको सम्भाव्यता अध्ययन लेखाजोखाका आधारलाई समेत समेट्नु पर्नेछ।

अनुसूची - ६

दफा १३ को उपदफा (१) सँग सम्बन्धित

**<u>आयोजनाको सम्भाव्यता अध्ययन लेखाजोखा</u>**

| **क.सं.** | **लेखाजोखाका आधार** | **पूरा गर्नुपर्ने मापदण्डको स्थिति** | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **छ** | **छ तर पर्याप्त छैन** | | | | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०.२) | **कैफियत** |
| **अ.** | **आधारभूत मापदण्ड** | | | | | | |
| **क.** | **सामान्य मापदण्ड** | | | | | | |
| १. | लक्षित समूहको पहिचान गरी खण्डीकृत विवरण संलग्न गरिएको र आयोजनाले लक्षित समूहको आवश्यकता/समस्यालाई सम्बोधन गर्न सक्ने देखिन्छ? | | | | | | |
| २. | उपलब्ध समय सीमाका दृष्टिकोणबाट आयोजना उपयुक्त छ? | | | | | | |
| ३. | जग्गा अधिग्रहण तथा विस्थापनको समस्या भए सोको समाधान गरी आयोजना कार्यान्वयन गर्न सम्भव छ? | | | | | | |
| ४. | आयोजना सञ्चालनमा कुनै कानूनी जटिलता नरहेको आधार प्रस्तुत गरिएको छ? | | | | | | |
| ५. | आयोजना कार्यान्वयनका लागि | | | | | | |

| क्र.सं. | लेखाजोखाका आधार | पूरा गर्नुपर्ने मापदण्डको स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०.२) | कैफियत |
| | आवश्यक संस्थागत क्षमता पर्याप्त छ? | | | | | | |
| ६. | आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति, कच्चा पदार्थ, प्रविधि आदिको उपलब्धता रहेको देखिन्छ? | | | | | | |
| ख. | **प्राविधिक विश्लेषणसँग सम्बन्धित मापदण्ड** | | | | | | |
| १. | प्राविधिक विश्लेषणबाट आयोजना उपयुक्त देखिएको छ? | | | | | | |
| २. | आयोजनाको प्रारम्भिक डिजाइनDrawing समावेश गरिएको र उपयुक्त छ? | | | | | | |
| ३. | प्रविधिको चयन आयोजनाको आवश्यकता र स्थानीय अवस्था अनुसार उपयुक्त छ? | | | | | | |
| ४. | आयोजनाको लागत अनुमान तयार गरिएको छ? | | | | | | |
| ५. | आयोजना कार्यान्वयनको कार्ययोजना तर्जुमा गरी समावेश गरिएको र | | | | | | |

| क्र.सं. | लेखाजोखाका आधार | पूरा गर्नुपर्ने मापदण्डको स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०.२) | कैफियत |
| | उपयुक्त छ? | | | | | | |
| ६. | आयोजनाको उपयुक्त खरिद योजना तयार गरी संलग्न गरिएको छ? | | | | | | |
| ७. | आयोजना क्षेत्रमा वस्ति विकास वा द्रुत सहरीकरणको सम्भावना रहेको छ? | | | | | | |
| ८. | आयोजनाको लागि भौगोलिक उपयुक्तता रहेको देखिन्छ? | | | | | | |
| ९. | आयोजनाको सञ्चालन कार्ययोजनाको ढाँचा सहितको योजना समावेश छ? | | | | | | |
| १०. | आयोजनाको सुरक्षा सम्बन्धी मापदण्ड र सो परिपालनाको उपायहरू उल्लेख गरिएको र उपयुक्त छन्? | | | | | | |
| **ग.** | **आर्थिक तथा वित्तीय विश्लेषणसँग सम्बन्धित मापदण्ड** | | | | | | |
| १. | प्रस्तावित आयोजनाले प्रादेशिक आवधिक योजनाले तय गरेका आर्थिक वृद्धिको लक्ष्यमा प्रत्यक्ष योगदान पुऱ्याउने देखिन्छ? | | | | | | |

| क्र.सं. | लेखाजोखाका आधार | पूरा गर्नुपर्ने मापदण्डको स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०.२) | कैफियत |
| २. | रोजगारी सिर्जना र स्थानीय आर्थिक क्रियाकलापमा अभिवृद्धि मार्फत गरिबी निवारण र नागरिकको जीवनस्तर सुधार गर्नमा प्रत्यक्ष योगदान पुग्ने देखिन्छ? | | | | | | |
| ३. | आयोजना सञ्चालनबाट प्राप्त हुने अप्रत्यक्ष आर्थिक लाभको सम्भावना उच्च छ? | | | | | | |
| ४. | आयोजनाले विकासमा प्रादेशिक तथा स्थानीय सन्तुलन कायम गर्न योगदान पुग्ने देखिन्छ? | | | | | | |
| ५. | प्रस्तावित आयोजनाको अनुमानित कूल लागत(पूँजीगत तथा चालु) उपयुक्त छ ? | | | | | | |
| ६. | आयोजनाको लागि आवश्यक लगानीको श्रोतको पहिचान गरिएको र सुनिश्चित छ? | | | | | | |
| ७. | आयोजनाको प्रक्षेपित नगद प्रवाह(Pro-Forma Cash Flow) उपयुक्त छ? | | | | | | |
| ८. | आयोजनाको खुद | | | | | | |

| क्र.सं. | लेखाजोखाका आधार | पूरा गर्नुपर्ने मापदण्डको स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | | |
| | | (१) | (०.८) | (०.६) | (०.४) | (०.२) | कैफियत |
| | वर्तमान मूल्य (Net Present Value) स्वीकार्य र तुलनात्मक रूपमा उच्च रहेको छ? | | | | | | |
| ९. | आयोजनाको वित्तीय आन्तरिक प्रतिफल दर(Internal Rate of Return)स्वीकार्य र तुलनात्मक रूपमा उच्च रहेको छ? | | | | | | |
| १०. | आयोजनाकोलगानी फिर्ता अवधि (Pay Back Period) उपयुक्त र तुलनात्मक रूपमा न्यून रहेको छ? | | | | | | |
| ११. | आयोजना सञ्चालनबाट सरकारको राजस्व वृद्धिमा प्रत्यक्ष योगदान पुग्ने देखिन्छ? | | | | | | |
| १२. | आयोजनाबाट उत्पादन हुने वस्तु वा सेवाको माग तथा बजार अवस्थाको अध्ययनबाट प्रस्तावित आयोजना उपयुक्त देखिएको छ? | | | | | | |
| १३. | लगानीको ढाँचा पहिचान गरिएको र उपयुक्त छ? | | | | | | |
| १४. | आर्थिक तथा वित्तीय | | | | | | |

| क.सं. | लेखाजोखाका आधार | पूरा गर्नुपर्ने मापदण्डको स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | | |
| | | (१ ) | (०.८ ) | (०.६ ) | (०.४) | (०.२ ) | कैफियत |
| | लेखाजोखाका अतिरिक्त अन्य कारण बाट आयोजना छनौट हुन आवश्यक भए उपयुक्त पुस्ट्याई तथा सिफारिस समावेश गरिएको छ? | | | | | | |
| घ. | **सामाजिक तथा वातावरणीय प्रभावसँग सम्बन्धित मापदण्ड** | | | | | | |
| १. | प्रस्तावित आयोजना वातावरणीय संवेदनशीलताका आधारमा उपयुक्त देखिएको छ? | | | | | | |
| २. | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका दृष्टिकोणबाट उपयुक्त देखिएको छ? | | | | | | |
| ३. | जलवायु अनुकूलन तथा विपद् जोखिमका पक्षबाट उपयुक्त देखिएको छ? | | | | | | |
| ४. | पूरातात्विक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा एवम् प्राकृतिक संवेदनशीलता, जैविक विविधता र स्थानीय विशिष्टताको संरक्षणमा असर नपर्ने देखिन्छ? | | | | | | |
| ५. | प्रस्तावित आयोजना | | | | | | |

| क्र.सं. | लेखाजोखाका आधार | पूरा गर्नुपर्ने मापदण्डको स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छ | छ तर पर्याप्त छैन | | | | |
